# ध्यानाकर्षण

मिति २०७८ कार्तिक ८ गते माछापोखरी निर्माणका क्रममा राजश्व छली गरी ग्राभेल बिक्रि गरिएको भन्ने अनलाइन पत्रिकामा प्रकाशित समाचारप्रति यस गाउँपालिकाको ध्यानाकर्षण भएको छ । यस गाउँपालिकाको वडा नम्वर-२ मा निर्माण भइरहेको उक्त माछा पोखरीको अनुगमन गर्दा उल्लेखित स्थानमा गरिएको अनुगमन समितिको प्रतिवेदन तपसिल बमोजिम भएको ब्यहोरा जानकारीका लागि प्रकाशित गरिएको छ ।

आज मिति २०७८/०७/१० गतेका दिन राजपुर गाउँपालिका अध्यक्ष तथा नदिजन्य पदार्थ उत्खनन, विक्री तथा व्यवस्थापन स्थानिय अनुगमन समितिका संयोजक श्री लोकराज के.सी. ज्यू, को संयोजकत्वमा राजपुर गाउँपालिका वडा नं. २ मा अवस्थीत शोभा कृषी फर्म को २ वटा माछापोखरीको अनुगमन तपसील वमोजीमको उपस्थितिमा सम्पन्न गरीयो ।

## स्थानिय अनुगमन समिति

| | | | |
|---|---|---|---|
| संयोजक | श्री लोकराज के.सी. | गाउँपालिका अध्यक्ष | |
| सदस्य | श्री धनपती देवी यादव | गाउँपालिका उपाध्यक्ष | |
| सदस्य | श्री भरत मणी पोखेल | प्रमुख प्रशासकीय अधिकृत | |
| सदस्य | श्री दुर्गा प्रसाद शर्मा | २ नं. वडा अध्यक्ष | |
| सदस्य सचिव | श्री हनुमन्त चौधरी | ईन्जिनीयर | |

## अन्य उपस्थीती

| | | |
|---|---|---|
| श्री नरेन्द्र सिंह भण्डारी | ५ नं. वडा अध्यक्ष | |
| श्री शालिकराम भण्डारी | खा.पा.स.टे | |

राजपुर गाउँपालिका वडा नं. २ मा अवस्थीत शोभा कृषी फर्म को २ वटा माछापोखरीको स्थलगत अनुगमन गर्दा सो स्थानमा २ वटा माछा पोखरी खनिएको देखीयो जसमा पोखरी नं. १ को औसत लम्वाइ ८३.५ मी. र चौडाई ६० मी., पोखरी नं. २ को औसत लम्वाइ ५६ मी. र चौडाई ५५ मी. रहेको देखीन्छ । पोखरी खन्ने क्रममा निस्केको माटो पोखरीको डिलमा तथा राप्ती नदिको किनार ( लम्वाई २५० मी.र चौडाई २३ मी. ) मा थुपारेर राखीयको देखीन्छ साथै अविरल वर्षा तथा राप्ती नदिमा आयको वाढिको कारण धेरैमात्रामा थुपारेर राखेको माटो वगाएको देखीन्छ । वस्तुस्थिती हेर्दा पोखरी खन्ने क्रममा नदिजन्य पदार्थमा ढुङ्गा, गीट्टी, तथा वालुवा अत्यन्तै न्युन मात्रामा रहेको साथै पोखरी पुर्ण रुपमा सम्पन्न नभएको देखीन्छ ।